# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## मिति २०७७।५।३ को सेवा स्थगन संबन्धी सूचना

विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण हालैका दिनहरुमा यस जिल्लामा समेत दिन प्रतिदिन बढ्दै गएको सन्दर्भलाई मध्यनजर राख्दै सम्मानित उच्च अदालत पाटनको सहमति समेतका आधारमा मिति २०७७।४।२७ गतेबाट लागु हुने गरी केही सेवाहरु संकुचन गरिएको बेहोरा विदितै छ । धुलिखेल अस्पताल काभ्रेमा गरिएको स्वाव टेष्टको प्रतिवेदन अनुसार यस अदालतमा नियमित अभ्यास गर्ने एकजना कानून ब्यवसायीलाई मिति २०७७।५।२ मा कोरोना पोजेटिभ देखिएको जानकारी हुन आएको र निजले यसविचमा यस अदालतका प्राय सबै कर्मचारीहरुसँग सम्पर्क राखेको र हालैका दिनहरुमा यस जिल्लामा समेत कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढिरहेकोले संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून ब्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षाको लागि सेवा प्रवाहमा आबश्यक व्यवस्थापन गर्नुपर्ने भएको हुँदा यस विचमा सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटनबाट कुनै आदेश वा निर्देशन भएमा सोही बमोजिम गर्ने गरी अर्को सूचना जारी नभएसम्मका लागि अन्य सेवाहरु स्थगन गरी देहायका सेवाहरु मात्र संचालन हुने बेहोरा संबन्धित सबैको जानकारीका लागि अनुरोध छ।

देहाय

१. बन्दीप्रत्यक्षीकरणका निवेदन दर्ता तथा सुनुवाई गर्ने ।

२. पक्राउ पुर्जी अनुमती, कल डिटेल अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्यहरु।

३. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने)।

४. अभियोगपत्र दर्ता गर्ने, अभियुक्तको बयान लिने र थुनछेक आदेश गर्ने ।

गोविन्दप्रसाद घिमिरे
श्रेस्तेदार (उप-सचिव)